# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# बोलपत्र पुस्तिका
## (आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धी)
## आर्थिक वर्ष:-२०८३/०८४

**ठेक्काको नाम:** बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन

**ठेक्का नं:** NCB/SM_GOODS/IR/01/2083-084

**प्रथम पटक सूचना प्रकाशन मिति:** २०८३।०५।१८

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदूरपश्चिम, प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति – २०८३।०५।१८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/०८४ को तोकेको अवधिका लागि बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) तोकिएका घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृधि कर दर्ता प्रमाणपत्र, आ. व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानुनी रूपमा योग्य रहेको घोषणापत्र, अख्तियारनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरि तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

साँफेबगर नगरपालिकाको देहाय बमोजिमको ठेक्काका लागि मिति २०८४/०५/१८ का दिन सबै योग्य बोलपत्र दाताहरूका लागि बोलपत्र आब्हानको सूचना प्रकाशित गरिएको छ । मिति २०८४/०६/०६ गते कार्यालय समयभित्र बोलपत्र खरिद गरि मिति २०८४/०६/०७ गते दिनको १२ बजे भित्र बोलपत्र दर्ता गरिसक्नुपर्नेछ र बोलपत्र खोल्ने मिति २०८४/०६/०७ गते दिनको १:०० बजे कायम गरिएको छ । **विधुतिय खरिद प्रणालीमा समस्या भई मर्मत सम्भार र सुधार कार्य भइरहेको सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना अनुसार बोलपत्र सम्बन्धी कारबाही Hard Copy माध्यमबाट मात्र हुनेछ।**

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | न्युनतम बोलपत्र कबोल अंक रु. (सेवा शुल्क र भ्याट बाहेक) |
|---|---|---|---|
| NCB/SM_GOODS/IR/01/2083-084 | बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ४५,२७,८४७.७७ | रु. १,८१,११,३९१.१० *( एक करोड एकासी लाख एघार हजार तिन सय एकानब्बे रुपैया दस पैसा )* |

बोलपत्र सम्बन्धि बिस्तृत सूचना जानकारीका लागि यस कार्यालयको website: www.sanfebagarmun.gov.np मा हेर्नहुन वा यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलनसम्बन्धी विस्तृत सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३/०८/१८*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३।८४ को तोकेको अवधिका लागि साँफेबगर नगरपालिकाको बुढीगंगाको IEE मा स्वीकृत घाटहरू बाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०८२।८३ को कर चुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानुनी रूपमा योग्य रहेको घोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विधुतिय खरिद प्रणालीमा समस्या भई मर्मत सम्भार र सुधार कार्य भई रहेकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना अनुसार बोलपत्र सम्बन्धी कारबाही Hard Copy का माध्यम बाट मात्र हुनेछ ।

**तपशिल :**

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| 1. | NCB/SM_GOODS//01/2083-084 | बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ४५,२७,८४७.७७ | रु. १,८१,११,३९१.१० *(एक करोड एकासी लाख एघार हजार तिन सय एकानब्बे रुपैया दस पैसा)* | ३०००/०० |

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

## १. ठेक्काका शर्तहरु:

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत लाग्ने दस्तुर रु ३,००० (तिन हजार) यस साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, मंगलसेन शाखा अछाममा रहेको यस कार्यालयको खाता नं. ४२६०१००३०१०१०००४ (राजस्व) खातामा जम्मा गरेको बैंक भौचरका साथ निवेदन पेश गरी यो मिति २०८३।०६।०६ गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरिक राजश्व खाता मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

ख) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्र पेश गर्दा आफुले कवोल गरेको अंक (भ्याट सहित) को **५ प्रतिशतका** दरले हुने धरौटी रकम नगद वा यस साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, मंगलसेन शाखामा रहेको धरौटी खाता नं. ४२६०१००३०३००००००४ मा नगदै जम्मा वा नेपाल रास्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको वाणिज्य बैंकबाट बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (बिड बण्ड) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

ग) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नुपर्नेछ ।

घ) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ङ) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

च) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३५ (पैतिस) प्रतिशत र कुल ठेक्का कवोल भएको १३% मू.अ.कर समेतको हुन आउने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैँकबाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

छ) ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८४ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

ज) ठेकेदारले साँफेबगर नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

झ) ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३५% ले हुन आउने रकम तथा ठेक्का कबोल अंकको मू.अ.कर समेत |
| दोश्रो | २०८३ साल पुस मसान्तभित्र | कबोल अंकको ३५% ले हुन आउने रकम |

अर्जुन सेन ओली
प्रशासकीय अधिकृत

| तेश्रो | २०८४ साल बैशाख मसान्तभित्र | कबोल अंकको ३०% ले हुन आउने रकम |
|---|---|---|

ञ) सम्झौता म्याद भित्र कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले ब्याज सहित असूल उपर गरिनेछ ।

ट) नेपाल सरकारले विक्री शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस साँफेबगर नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्य पदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आफ्ना स्वमित्वका सवारी साधनहरु प्रयोग गरी आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी गरेको हकमा नियमानुसार राजश्व शुल्क लाग्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

ठ) नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्दी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

ड) यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

ढ) IEE प्रतिवेदनका प्रावधानहरूको व्याख्या गर्ने अधिकार साँफेबगर नगरपालिकामा सुरक्षित रहनेछ ।

ण) यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

त) अन्य विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

## २. बोलपत्रदाताको योग्यता

क) साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिमका योग्यता हुनु पर्नेछ ।

ख) बोलपत्रदाता नेपालको प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म हुनुपर्नेछ ।

ग) साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल वक्यौता नभएको हुनु पर्नेछ ।

घ) कालोसुचिमा नपरेको हुनु पर्नेछ ।

ङ) प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्ता, कानूनी रुपमा योग्य रहेको घोषणापत्र पेश गरेको हुनु पर्नेछ ।

## ३. बोलपत्र पेश गर्ने तरिका

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिम बोलपत्र पेश गर्नु पर्नेछ ।

क) यस ठेक्का सम्बन्धि सूचनामा तोकिए वमोजिमको बोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरि सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयमले गर्नु पर्नेछ ।

ख) यस ठेक्का सम्बन्धि सूचनामा उल्लेखित भए वमोजिमको धरौटी रकम नगद वा सो वरावरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्बर सहित उल्लेख गरि सिलवन्दि बोलपत्र निर्धारित म्याद भित्र साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्वोधन गरि दाखिला गर्नु पर्नेछ ।

## ४. बोलपत्र खोल्ने प्रकृया

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय वमोजिम प्रकृयामा खोलिने छ ।

क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धि सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए वमोजिम बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

## ५. बोलपत्रको मूल्याङ्कन

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङकन देहाय वमोजिम हुनेछ।

क) बोलपत्र मूल्याङ्कन साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले व्यवस्था गरे वमोजिम गरिनेछ।

ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ।

ग) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबै भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने प्रकृया अगाडी बढाइने छ।

## ६. बोलपत्रको स्विकृति

बोलपत्रको स्विकृति देहाय वमोजिम गरिनेछ।

क) पेश भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

ख) बोलपत्र मूल्याङकन समितबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूतरुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबै भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गरिनेछ।

ग) ठेक्का स्विकृत भएको ७ दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदाता लाई साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ।

## ७. बोलपत्र जमानत वा धरौटी जफत

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट ठेक्का स्विकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए वमोजिमको आबश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाताको कार्यलयमा उपस्थित हुनु पर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो बढी कवोल गर्ने बोलपत्रदाताकोबोलपत्र स्विकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउने छ।

## ८. सम्झौता र कार्यदेश

सम्झौता र कार्यादेश देहाय वमोजिम हुनेछ।

क) यो ठेक्का कुल कबोल ठेक्का अंक कायम गर्दा बोलपत्र दाताले कवोल गरेको जम्मा अंक बाट सम्झौता हुनु भन्दा अगाडिका दिनहरूमा पालिकले अमानतमा संकलन गरेको भए सो रकम घटाई, बाँकी हुन आउने रकम कुल कवोल अंक मानी सोहि रकममा सम्झौता गरिने छ। साथै अमानत रकम संकलन गरेको अवधिमा उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाण समेत सूचनामा उल्लेखित कुल परिमाण बाट घटाई बाँकी रहेको परिमाण मात्र उत्खनन् गर्ने अनुमति दिइने छ।

ख) सम्झौता भएपश्चात ठेक्का सञ्चालन गर्न पाउने दर रेटको विवरण उल्लेख गरि ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यादेश दिनेछ।

ग) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ।

घ) कार्यालय र ठेकेदार विच भएको सम्झौता वमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौताअन्त्य गर्न सक्ने छ।

## ९. ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण

क) ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ। सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ।

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

ख) यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

ग) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्य पदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन ।

घ) ठेकेदारले नगरपालिकाले तोकेको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी राख्ने व्यवस्था गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

ङ) साँफेबगर नगरपालिका कार्यालय, संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE भएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, आदी संकलन/उत्खनन गर्नुपर्नेछ र सो बाहेकको अन्य क्षेत्रमा उत्खनन गरेको पाइए सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गरिनेछ ।

च) ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी झिक्नु पर्ने घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ। ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ।

छ) नदीको किनारबाट भु–क्षय हुने गरी, डिल, भिर, भित्तो खन्न, खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

ज) प्राकृतिक स्रोतको उत्खनन, संकलन तथा ढुवानी गर्दा वातावरणीय परिक्षण प्रतिवेदनले तोके वमोजिमको परिमाण र स्थानबाट मात्र गर्नु पर्ने । राजमार्गको ५०० मिटर भित्रको नदी, सडक पुल तथा झोलुंगे पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाईने छैन ।

झ) नदी, खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्ने छ । नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

ञ) भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, आदी छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

ट) ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

ठ) ठेकेदारले कामदारहरुकालागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

ड) ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

ढ) ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खन्न हुने घाटगद्दी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ ।

ण) विहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

त) खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

थ) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानितव्यवहार गर्नु पर्नेछ । कार्यालय र ठेकेदार विच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्ने छ ।

द) ठेक्का सम्बन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नु पर्नेछ ।

अर्जुन सिंह ओली
प्रमुख प्रशासकीय अधिकृत

ध) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सद्भाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

## १०. आकस्मिक अवरोध व्यवस्थापन

कुनै कारणवस विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

## ११. विवाद व्यवस्थापन

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको वैठकको निर्णय बाट विवादको व्यवस्थापन गरिनेछ ।

साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर, अछाम २०७

## १२. कार्य सम्पन्न

कार्यालयको सहयोगमा ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न भएमा कार्यालय बाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदारलाई प्रदान गर्नेछ ।

## १३. शूल्क दर

यस ठेक्का बमोजिम शुल्क उठाउने कार्यको दर भ्याट बाहेकको देहाय बमोजिम उठाउनु पर्नेछ ।

| क्र.सं. | नदि जन्य सामग्रीको किसिम | करको दर (भ्याटबाहेक) | |
|---|---|---|---|
| | | प्रति घन फिट रु. | प्रति घन मिटर रु. |
| १ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी | ४ (चार) | रु.१४१/१५ (एक सय एकचालीस रुपैयाँ पन्ध्र पैसा) |

## १४. नदिजन्य पदार्थ उत्खनन् /संकलन स्थलको जी.पी.एस. कोर्डिनेट

| क्र.स. | स्थान | जि.पी.एस. | कैफियत |
|---|---|---|---|
| १ | साँफेबगर-१३, बुढाबगर | 29°17'32.65"N 81°15'13.77"E | |
| २ | साँफेबगर-१०, ठाँटी | 29°15'40.91"N 81°13'53.13"E | |
| ३ | साँफेबगर-०४, तारेकुना | 29°15'9.54"N 81°13'31.80"E | |
| ४ | साँफेबगर-०४, सिसमघारी | 29°14'25.20"N 81°12'47.33"E | |
| ५ | साँफेबगर-०४, छिपेखोला जोड्ने ठाउँ | 29°14'2.72"N 81°12'47.88"E | |
| ६ | साँफेबगर-०७, बगरा | 29°13'19.17"N 81°12'40.38"E | |
| ७ | साँफेबगर-०१, कालिमाटी | 29°12'2.50"N 81°12'9.73"E | |
| ८ | साँफेबगर-०७, रिडीकोट | 29°11'44.12"N 81°12'32.09"E | |
| ९ | साँफेबगर-०८, चण्डिका | 29°11'1.16"N 81°12'47.79"E | |

नोट: श्रोत- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Environmental Examination ) अनुसार

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

मिति......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
साँफेबगर नगर कार्यपालिकाको कार्यालय,
साँफेबगर, अछाम ।

**बिषय: बोलपत्र फारम पेश गर्ने सम्वन्धमा ।**

तहाँ कार्यालयबाट मिति २०८३।०५।१८ मा प्रकाशित सूचना र बोलपत्र फारामको शर्त अनुसार काम गर्ने गरि आ.व. २०८३।८४ को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा साँफेबगर नगरपालिका बुढीगंगाको IEE मा स्वीकृत घाटहरु को प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन ठेक्काको लागि तपशिल वमोजिमको रकम कबोल गरेको छु ।

तपशिल

| सि. नं | ठेक्का नं. | नदी तथा खोलाको नाम | कूल संकलन (घनमिटर) | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | कबोल गरेको रकम (रु.) कर बाहेक | | ५% धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | **NCB/SM_GOODS/IR/01/2083-084** | बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ४५,२७,८४७.७७ | १,८१,११,३९१.१० | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| १३% मू. अ. कर रु. | | | | | | | | |
| कुल जम्मा रकम (मू. अ. करसहित) रु. | | | | | | | | |

*ठेक्काका शर्तहरु अध्ययन गरि उल्लेखित शर्तपालना गर्ने मन्जुरीका साथ माथी उल्लेखित व्यहोरा वमोजिम रकम कवोल गरि बोलपत्र पेश गरेको छु ।*

**बोलपत्रदाताको विवरण**

आधिकारिक व्यक्तिको नाम

फर्मको नाम:-

ठेगाना:-

सम्पर्क नं:-

इमेल ठेगाना:-

मिति:-

दस्तखत:-

फर्मको छाप:-